नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीको संयोजकत्वमा मिति २०७९/०२/२४ मा केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको ६० औं बैठक सम्पन्न भयो । वर्तमान सन्दर्भमा सार्वजनिक सेवा प्रवाहमा सुधार, आ.व.२०७९/८० को नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी रुपमा कार्यान्वयन, कृतिम मूल्य निर्धारण निरुत्साहन र वस्तु तथा सेवाको गुणस्तर कायम गर्न बजार अनुगमनलाई प्रभावकारी बनाउने लगायतका विषयमा बैठकमा विस्तृत छलफल भयो ।

बैठकबाट संघीय मन्त्रालयहरुले मिति २०७९/४/१ देखि एकीकृत कार्यालय व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याउने गरी तयारी कार्य अघि बढाउने, विपद् जोखिम न्यूनीकण, विपद् प्रतिकार्य र विपद् व्यवस्थापनका कार्यहरू उपयुक्त ढंगबाट संञ्चालन गर्न कार्य सञ्चालन योजना (Operational Plan) बनाउने, अत्यावश्यक वस्तुहरूको उपभोगको आङ्कलन, भण्डारण तथा आपूर्ति व्यवस्था र हिमाली एवं दूर्गम जिल्लाहरुमा खाद्यान्न तथा नून ढुवानीको भरपर्दो प्रवन्ध उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने, फोहोर मैला व्यवस्थापन सम्बन्धी मन्त्रिपरिषदबाट भएका निर्णयहरू कार्यान्वयन गर्न स्थानीय तह र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा शहरी विकास मन्त्रालयले पहल गर्ने लगायतका निर्णयहरु भएका थिए।

केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिबाट भएका निर्णयहरु यथाशीघ्र कार्यान्वयनमा ल्याउन मुख्य सचिवज्यूले सम्वन्धित सवै मन्त्रालय तथा निकायहरुलाई निर्देशन दिनुभयो। उक्त बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन, उद्योग, वाणिज्य तथा आपूर्ति, उर्जा, जलस्रोत तथा सिंचाई, भौतिक पूर्वाधार तथा यातायात, कृषि तथा पशुपन्छी विकास, परराष्ट्र, खानेपानी, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिवहरु, राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख एवं राष्ट्रिय योजना आयोग, अर्थ, गृह, सहरी विकास, वन तथा वातावरण र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो।

मिति : २०७९/०२/२६

महादेव पन्थ
प्रवक्ता

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np